उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्रसख्या:-०८२/०८३
चलानी नं:- १८६२

---

## आमाबाबु बिहीन बालबालिका संरक्षण कार्यक्रमको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२/१२/१७ (ने. सं. ११४६ चौलाथ्व त्रीयादशी मंगलबार)**

आमा बाबु विहीन बालबालिका संरक्षण कार्यक्रम बागमती प्रदेश सशर्त अनुदान अन्तर्गत आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने गरी आमा र बाबु दुबै गुमाएका बालबालिकाको शिक्षा स्वास्थ्य र पोषणको सुनिश्चित गरी सामाजिक संरक्षण प्राप्त गर्ने उद्देश्यले कानुन बमोजिम मासिक भत्ता उपलब्ध गराउने प्रयोजनका लागि तपशिलका योग्यता पुगेका व्यक्तिले तपशिलमा उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य व्यक्ति वा संरक्षकले आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको बेहोरा सरोकारवाल सम्बन्धित सबैमा सूचित गरिन्छ।

### भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता

- आमा बाबु दुबैको मृत्यु भएको
- १८ वर्ष उमेर पुरा नगरेको
- ५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा विद्यालय भर्ना भइ नियमित विद्यालय जाने गरेको
- कुनै गैर कानुनी वा आपराधिक कार्यमा संलग्न नभएको

### आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातहरु

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि/१६ वर्ष पुरा भइ नागरिकता प्रमाणपत्र प्राप्त गरेको भए नागरिकताको प्रतिलिपि
- आमा र बाबु दुबैको मृत्यु दर्ताको प्रतिलिपि
- विद्यालयमा भर्ना भइ नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिश पत्र (५ वर्ष पुरा भएको बालबालिकाको हकमा मात्र)
- संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित बालबालिकाको संरक्षक भएको वडा कार्यालयले दिएको सिफारिश पत्र

**नोट :-**

१. यस कार्यक्रम बमोजिमको रकम प्राप्त गर्न योग्य बालबालिकाले निजको संरक्षकको नाम थर, सम्पर्क नंम्बर वा स्याहार सुसार गर्ने व्यक्तिले सम्बन्धित वडा कार्यालयमा आवेदन दिनु पर्नेछ।

२. सम्बन्धित वडा कार्यालयमा प्राप्त निवेदन संकलन गरी सोको सम्पूर्ण विवरण तथा कागजात वडा कार्यालयले गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

३. विगतको आ.व. मा भत्ता प्राप्त गर्नु भएका बालबालिकाको हकमा १७ जनाले पाइरहनु भएकोमा आ.व. २०८२/०८३ को कार्यविधि अनुसार बाबु आमा दुवैको मृत्यु भएको हकमा मात्र छात्रवृद्धि उपलब्ध गराउने प्रावधान भएको हुदाँ यस आ.व. मा प्रदेश शर्सत मार्फत ४ जनालाई मात्र रकम उपलब्ध गराएको हुदाँ बालबालिका वा संरक्षकले अध्ययनरत विद्यालयको र वडा कार्यालयको सिफारिश पेश गर्नुपर्नेछ साथै उक्त कार्यक्रमबाट लाभ लिन सक्ने नयाँ बालबालिकाको लागि सूचना अनुसार निवेदन प्राप्त भएपछि गाउँपालिकाबाट आवश्यक प्रक्रिया अगाडी बढाइनेछ। यस सम्बन्धी थप जानकारी उमाकुण्ड गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ। **(सम्पर्क नंम्बर ९८६०३०८६५०)**

अभिजीत सुनुवार
नि.प्रमुख प्रशासकीय अधिकृत

---